गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

**प.स.** ०७६/७७

**च.न.**

**मिति** २०७६/१२/९

## गलकोट नगरपालिका बाट सर्वसाधारणमा जारी अपिल

विश्वव्यापी रुपमा **नोभल कोरोना भाईरस (COVID 19)** को संक्रमण बढ्दै गइरहेको र महामारीको रुप लिँदै गरेको अवस्थामा नेपालमा समेत सम्भावित संक्रमणको अवस्थालाई न्यूनिकरण गर्न सम्पुर्ण गलकोट नगरबासी दाजुभाइ, दिदीबहिनी तथा आमाबुबाहरुमा गलकोट नगरपालिका हार्दिक अपिल गर्दछ ।

१.यस नगरपालिका क्षेत्रमा १० जना भन्दा बढी मानिसहरु जम्मा भई भिडभाड नगरिदिनुहोस् ।

२.काठमाण्डौं, पोखरा, बुटवल, विरगञ्ज, जनकपुर र तराईका अन्य सहरहरुबाट यस नगरपालिकामा आउनुहुने सम्पुर्ण महानुभावहरु १४ दिन सम्म घरपरिवार तथा समाजमा हेलमेल नभई पारिवारिक सहयोगमा घरमा नै Home Quarantine मा बस्नुहोस् ।

३. अत्यावश्यक अवस्था बाहेक घरबाट बाहिर ननिस्कनुहोस् ।

४. सामान्य रोग चेकजाँचका लागि अस्पताल र स्वास्थ्य संस्था जानु यस समयमा अनुपयुक्त हुनाले अत्यावश्यक अवस्थामा बाहेक स्वास्थ्य संस्थामा भिडभाड नगर्नुहोस् ।

५. अस्पताल, बैंक तथा वित्तिय संघ संस्थाहरुमा अनावश्यक भिडभाड नगर्नुहोस् ।

कोरोना भाइरससँग बच्नका लागि गलकोट नगरपालिका **सबैको सहयोगको अपिल गर्दछ ।**

भरत शर्मा गैरे
नगर प्रमुख
गलकोट नगरपालिका, बागलुङ